
# आफ्नो घर
# राम्रो घर



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# आफ्नो घर
# राम्रो घर



लेखक
तेजप्रकाश श्रेष्ठ

चित्राङ्कन कर्ता
ईशान परियार

सम्पादक
ध्रुव घिमिरे

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ


बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ। सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ।


प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ। अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ।


वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र

मुसो दुलोबाट फुत्त निस्क्यो ।




उसलाई साथी जुरेलीको गुँड जानु थियो ।
तर बाटो थाहा थिएन ।




मुसो अलमलमा पऱ्यो ।
ऊ मौरीको घारतिर गयो ।

“मौरी नानी !
जुरेलीको गुँड देखाइदिनुस् न ।”




“मलाई थाहा छैन, गाईलाई सोध ।”

मुसो गाईको गोठतिर गयो ।



“गाईआमा ! जुरेलीको गुँड देखाइदिनुस् न ।”



“थाहा छैन । बाख्रीलाई सोध ल ।”




मुसो बाख्रीको खोरतिर गयो ।

"दिदी ! जुरेलीको गुँड देखाइदिनुस् न ।"




"थाहा छैन ।
घोडालाई सोध है !"

मुसो घोडाको तबेलातिर लाग्यो ।




“दाइ ! जुरेलीको गुँड
देखाइदिनुस् न ।”




“मलाई थाहा छैन ।
बाघलाई सोध ।”

मुसो बाघको ओडारतिर लाग्यो ।




"काका ! जुरेलीको गुँड देखाइदिनुस् न ।"




"जा भाग् ! कहाँ छ मलाई के थाहा !"

बाटामा कमिलाको गोला देख्यो ।




“कमिला नानी !
जुरेलीको गुँड देखाइदिनुस् न !”



"ऊ त्यही त हो नि !"

"कठै ! साथीको घर कसले भत्कायो ?"

“त्यही बाँदरले
त हो नि !”



ऊ आफू बनाउँदैन,
अर्काको घर पनि भत्काउँछ ।

